**“ कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर ”**

# आर्थिक बर्ष २०८०/८१ को
# बार्षिक नीति तथा कार्यक्रम

**टोखा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मैजुहिटी, काठमाडौं**
**बागमती प्रदेश, नेपाल ।**
**२०८०**

नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगरसभा सदस्यहरू,
टोखा नगरपालिकाको नगरसभाको तेह्रौ अधिवेशनमा यहाँहरूलाई हार्दिक स्वागत गर्दछु ।

१. टोखा नगरपालिकाको आ.ब. २०८०/८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा मैले अत्यन्त गौरवान्वित महशुस गरेको छु ।
२. मुलुकको समृद्धि र अग्रगमनको लागि ईतिहासको विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।साथै विभिन्न राजनैतिक परिवर्तनमा नेतृत्व प्रदान गर्ने सम्पूर्ण अग्रजहरु प्रति कृतज्ञता ज्ञापन गर्दछु ।
३. २०७९ वैशाख ३० मा स्थानीय तहको निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरुले कार्यभार सम्हालेको एक वर्ष पूरा भएको छ । २०७९ मंसिर ४ मा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भई संघ तथा प्रदेशमा नयाँ सरकारहरु गठन भएका छन्। यसै वीच राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन पनि सम्पन्न भएको छ । प्रतिनिधि सभा र प्रदेश सभामा निर्वाचित हुनु हुने सम्पूर्ण सदस्यहरुलाई हार्दिक वधाई ज्ञापन गर्दै आगामी दिनहरुमा संविधानले परिकल्पना गरे वमोजिम सरकारका तीन तहहरु बीच सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सम्वन्ध स्थापित गर्दै संघीय शासन व्यवस्थालाई थप सुदृढ र दीगो बनाउन सहकार्य हुने विश्वास दिलाउन चाहान्छु ।

**नगरसभा सदस्यहरू**,

४. संविधान जारी भए पश्चात् गठन भएको पहिलो नगरसभाको कार्यकालमा भएका उपलव्धीहरुलाई संस्थागत गर्दै बिगत एक बर्षमा संघीयतालाई थप मजवुद बनाउने र सबैभन्दा नजिकको सरकारको रुपमा टोखा नगरपालिकालाई जनता समक्ष अनुभूत गराउने प्रयास भएको छ ।
५. हाल सम्म टोखा नगरपालिकाको बिकास र समृद्धिका लागि विभिन्न क्षेत्रमा महत्वपूर्ण उपलव्धीहरु हासिल भएका छन् ।
६. वडा नं. ८ र ११ जोड्ने मनोहरतिर्थ धाममा मोटरेवल पूल निर्माण भई संचालनमा आएको छ । बौडेश्वर बालमैत्री पार्क, झुडोल पार्क, भूमेश्वर पार्क, लाम्पाखा पार्क, कल्की नारायण पार्क, सुर्य पार्क, लाखेडाँडा पार्क, दाहालगौंडा पार्क एवं सूचना स्तम्भ, रमणवस्ती पार्क, महेन्द्रेश्वर पार्क निर्माण भएका छन् । वडा नं. ९, ११, २ र ६ का वडा कार्यालय भवन निर्माण सम्पन्न भएका छन् भने नगरपालिका केन्द्रको प्रशासकीय भवन यसै आर्थिक बर्षको अन्त्य सम्म निर्माण सम्पन्न हुदैछ । मेयर उज्यालो कार्यक्रम अन्तर्गत सडकवत्ती जडान, सि.सि.टि.भि. जडान गरिएको छ । सार्वजनिक भवनहरु, ताल, पोखरी संरक्षण/पुनः निर्माण, ऐतिहासिक सम्पदाहरुको पुनः निर्माण, नदी नियन्त्रण, खानेपानी डिप वोरिङ्ग एवं पाईपलाईन विस्तार गरिएको छ । अतिक्रमित सरकारी जग्गाको खोजी र संरक्षणको कार्य क्रमशः अघि वढेको छ ।शहरका अव्यवस्थित तारहरुलाई हटाउने कार्यको शुरुवात गरिएको छ । चालु आ.ब.मा पक्की सडक १२.१५ कि.मी, व्लक विछ्याउने कार्य ३.२९ वर्ग कि.मी., पुल कल्भर्ट १२ वटा, ढल विछ्याउने तथा मर्मत कार्य ५.११ कि.मी. सम्पन्न भएका छन् ।
७. नयाँ उद्यमी सिर्जना, विद्यमान उद्यमीको स्तरोउन्नती, प्रविधि हस्तान्तरण गरिएको छ ।उन्नत वीउ विजन वितरण, कौशीखेती तालिम, कृतिम गर्भाधान, नश्लसुधार, सामुदायिक कुकुरको वन्ध्याकरण गरिएको छ। कोपोमिस तालिम, सहकारीको अनुगमन गरिएको छ । विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान, राष्ट्रपति रनिङ्गशिल प्रतियोगिता संचालन, विद्यालय भवनहरुको भौतिक सुधार, मेयर दिवा खाजा कार्यक्रम संचालन, वि डिभिजन क्लवलाई प्रायोजन गरिएको छ । दीर्घ रोग विरुद्धको अभियानमा मेयर कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण, ६० वर्ष माथिका २१०० भन्दा बढी व्यक्तिहरुको स्वास्थ्य परिक्षण (whole body checkup) गरिएको छ । नगरपालिकाका वासिन्दाहरुलाई निःशुल्क रगतको व्यवस्था, जन्मे देखि १५

महिना सम्मका बालबालिकाहरुलाई १३ प्रकारका खोपहरु उपलव्ध गराईएको छ । पहिलो, दोश्रो र अतिरिक्त मात्रा गरि ८८१५१ जना व्यक्तिहरुलाई कोभिड खोप लगाईएको छ ।कोभिड अनलाईन QR Code नगरपालिकाबाट प्रदान, खोप लगाउने र खोप प्रमाणिकरण गर्ने पहिलो नगरपालिका भएको छ । सामुदायिक विद्यालयहरूमा स्काउटका कार्यक्रमहरू संचालन गरिएको छ । नगरपालिकाका ४ वटा सामुदायिक विद्यालयहरूमा एक विद्यालय एक नर्स कार्यक्रम लागू गरि उक्त विद्यालयमा सबै विद्यार्थीहरूको स्वास्थ्य परिक्षण नियमित रुपमा संचालन गरिएको छ ।

८. कम्पोष्ट विन, डस्टवीन, ट्यास वीन वितरण, विपद् जन्य सामाग्री वितरण, वृक्षारोपण, हरेक शुक्रवार कार्यालय परिसर र नजिकको सार्वजनिक स्थानमा सरसफाई अभियान शुरु, विपद् प्रतिकार्य तालिम संचालन गरिएको, सवै कर्मचारीहरुलाई काम कर्तव्य र अधिकार निर्धारण गरी कार्यालयप्रति जिम्मेवार वनाउन कार्यसम्पादन करार सम्झौताको थालनी भएको, सबै भुक्तानी EFT मार्फत गरिएको, नगरपालिका र वडा कार्यालयको नगद राजश्व QR कोड मार्फत भुक्तानीको शुरुवात भएको, भुक्तनी गर्दा श्रोतमा कट्टि गरिएको, सम्पूर्ण करहरुलाई E-TDS गर्ने कार्य थालनी गरिएको छ । अनलाईन हाजिरी पूर्ण रुपमा व्यवस्थापन, अनलाईनबाट नै विदा, काज, हाजिर छुटेको आवेदन र check In-Check Out अनिवार्य, वेरुजु दर 0.59 प्रतिशतमा सीमित, वेरुजु फछ्यौट दर उच्च भएको, नाग्छु शहरसंगको भगिनी सम्वन्ध कायम, आवधिक योजना लागू, न्यायीक समितिको मुद्धा फर्छयौट दर उच्च रहेको, सडक क्षेत्र अतिक्रमण गरी संचालनमा रहेका अव्यवस्थित पसल व्यावसायहरु हटाईएको, ट्राफिक व्यवस्थापनमा सहजिकरण गरिएको छ ।

९. माथि उल्लेखित आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि चालु आ.ब. को जेठ मसान्त सम्म कूल आम्दानी रु. १ अर्ब ८४ करोड 23 लाख ८5 हजार 235 रुपैयाँ पैसा ११ मात्र भएको र व्यय तर्फ रु १ अर्ब २ करोड 36 लाख 15 हजार 26 रुपैयाँ पैसा 30 खर्च भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**नगरसभा सदस्यहरू,**

१०. उद्यमी सिर्जना, स्वरोजगार, हिलो, धुलो र खाल्डाखुल्डी रहित नगर, पछि परेका वर्गको सशक्तिकरण, रातभर झिलिमिलि र सुरक्षित शहर निर्माण, हरित शहर, सेवाग्राहीमैत्री शासन, मितव्ययीता, पारदर्शिता एवं उत्पादनमूलक खर्च प्रणाली टोखा नगरपालिकाका प्रमुख नीतिगत प्राथमिकता हुनेछन् । टोखा नगरपालिकाका बार्षिक नीति, कार्यक्रम तथा वजेट यीनै प्राथमिकतामा परिलक्षित हुनेछन् ।

११. **नेपालको संविधान** मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, प्रचलित कानुनी व्यवस्था, बजेट तर्जुमा दिग्दर्शन, अघिल्लो आ.व. को नीति, कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था, चुनावी घोषणापत्र, टोखा नगरपालिकाको मौलिक विशेषता, टोखा नगरपालिकाको आवधिक नगर विकास योजना र स्थानीय वासीहरूको आकाङ्क्षा, राजनैतिक दल, विषयविज्ञ, बुद्धिजिवी वर्ग र नागरिक समाजबाट प्राप्त सुझावहरू, विषयगत समितिको सिफारिस समेतको आधारमा टोखा नगरपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

१२. अब म टोखा नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास-**

१३. कृषि र गैह्र कृषि भूमिको वर्गीकरण गरिनेछ ।जग्गाधनी पुर्जामा जग्गाको वर्गीकरण कृषि योग्य जनाउने जग्गाधनीलाई कृषिजन्य सामाग्री तथा उपकरणहरु शतप्रतिशत अनुदानमा उपलव्ध गराईनेछ । कौसी खेती, करेसाबारी, माटोविनाको खेती तथा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्दै कृषकहरूलाई उचित तालिम, अनुदान एवम् उन्नत बिँउ बिजन, बिरुवा र उपकरण लगायतका सामाग्रीहरू उपलव्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ। घरवाट निस्कने फोहोरलाई प्राङ्गारिक मल वनाई अर्गानिक उत्पादनमा जोड दिईनेछ ।

१४. माटोको अम्लियपना एवम् कृषि उपजमा विषादीपनाको परीक्षण गरिनेछ । नगरपालिका क्षेत्रभित्र उत्पादनको सम्भावना रहेका मौसमी/बेमौसमी तरकारी तथा फलफुल खेतीलाई प्रोत्साहन गरिनेछ।

१५. **खेतीवारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा** भन्ने नारालाई पूर्ण सफलतामा लैजान खेतीवारीमा प्राविधिक परिचालन गरिनेछ ।

१६. नगरपालिकाको खर्चवाट खरिद हुने वोटविरुवाहरु सम्भव भएसम्म राष्ट्रिय वनस्पति उद्यान मार्फत खरिद गरिनेछ।

१७. पशुहरूमा लाग्ने महामारी रोगहरूको विरुद्ध नियमित खोप (HS,BQ, FMD, PPR र Anti-Rabies, लम्पी स्कीन आदि) नि:शुल्क रुपमा लगाइने कार्यलाई निरन्तरता दिईनेछ ।

१८. सामुदायिक कुकुर र विरालोको वन्ध्याकरण गर्ने र खोप लगाउने, घाईते र विरामीहरुको उपचार गर्ने तथा मृत जनावरहरुको उचित व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । घरपालुवा कुकुरहरूलाई सार्वजनिक स्थलमा दिशा पिसाव गराउने तथा घरपालुवा पशु छाडा छाड्ने व्यक्तिलाई जरिवाना गरिनेछ ।

१९. नगरपालिकामा भएका कृषि तथा पशु व्यावसाय सम्बन्धी फर्महरूको अभिलेखीकरण कार्यलाई निरन्तरता दिदै पशु नश्ल सुधारका लागि आधुनिक पद्धति अनुसार कृतिम गर्भाधान प्रविधिको प्रयोगलाई निरन्तरता दिईनेछ ।

२०. पशुपालन स्थल र पशु वधस्थलहरूलाई स्वस्थ एवम् वातावरणमैत्री ढंगले सञ्चालन गराउन उपयुक्त कार्यविधि तर्जुमा गरि लागू गरिनेछ । सोको नियमित अनुगमनको लागि निर्देशिका बनाई नियमित रुपमा अनुगमन गरिनेछ ।

२१. टोखा नगरपालिकाको अनुपम प्राकृतिक सौन्दर्य र पर्यटकीय सम्भावनाको उपयोग गरी टोखालाई आकर्षक, रमणीय, पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न ट्रेकिङ रुट (पदमार्ग), बनभोजस्थल लगायत अन्य आवश्यक पूर्वाधार निर्माण गरिनेछ । होमस्टे संचालन गर्न ईच्छुक व्यक्ति/समुदायहरुलाई आवश्यक तालिमको व्यवस्था मिलाईनेछ ।

२२. नगरपालिकाभित्रका महत्वपूर्ण धार्मिक, साँस्कृतिक, पौराणिक, विकासात्मक गतिविधिहरु सहितको पर्यटकीय स्थलहरूको राष्ट्रिय टेलिभिजन, विभिन्न अनलाईन मिडिया लगायतवाट प्रचार प्रसार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२३. सहकारी सँस्थामा रहेको बचतकर्ताको बचतको सुरक्षा र सँस्थागत सुशासनको लागि प्रत्येक सहकारी संस्थामा वर्षमा कम्तीमा एकपटक अनिवार्य रुपमा सघन अनुगमन गरी नियमनलाई सुदृढ गरिनेछ ।सघन अनुगमनको लागि एक संयन्त्र निर्माण गरिनेछ। सहकारी दर्ता, नविकरण तथा मर्जर सम्वन्धमा मापदण्ड बनाई कार्यान्वयनमा ल्याईने छ ।

२४. सबै सहकारी सँस्थाहरूमा सहकारी व्यवस्थापन, लेखापालन र गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) लागू गरी सहकारीका मूल्य, मान्यता र सिद्धान्त अनुरुप संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२५. संघीय तथा प्रदेश कानुनको अधिकार सीमामा रहेर लघु, घरेलु तथा साना उद्योग दर्ता सम्वन्धी कानुन वनाई कार्यान्वयन गरिनेछ । ट्रेडमार्क तथा बौद्धिक सम्पति संरक्षण सम्वन्धि कानुन बनाई कार्यान्वयन गरिनेछ ।

२६. नव उद्यमी सिर्जना तथा विद्यमान उद्यमीको स्तरोउन्नती गर्न कानुन वनाई लागत साझेदारीमा प्रविधि हस्तान्तरण गरिनेछ । नगरवासीको सीप विकास गरी स्वरोजगार र आत्मनिर्भर बनाइनेछ ।

२७. CTEVT र CTEVT वाट सम्बन्धन प्राप्त संस्थाहरुको समन्वयमा सीपमूलक र युवा रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ । सीप परीक्षणलाई अनिवार्य गराईनेछ।एक व्यक्ति लक्षित वर्गको एउटामात्र तालिममा सहभागि हुने व्यवस्था गराईनेछ ।

२८. नगरपालिका क्षेत्र भित्र औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुको वडा कार्यालय मार्फत पञ्जिकरण गर्ने व्यवस्था गरी श्रमिकहरुको ज्ञान, सीप, क्षमता र दक्षता अभिवृद्धिको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

२९. कालोबजारी, एकाधिकार, कृतिम अभाव सिर्जना, प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै व्यापारमा स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्दै मूल्य र गुणस्तरमा उपभोक्ता नठगिने वातावरण सुनिश्चित गरी प्रभावकारी रुपमा वजार अनुगमन गरिनेछ ।

३०. चाकुको लागि प्रख्यात यस टोखा नगरपालिकाको वडा नं. २ र ३ को पहिचानलाई जीवन्त राख्दै राष्ट्रिय/अन्तराष्ट्रियस्तरमा टोखाको चाकुलाई ब्रान्डिङ गरिनेछ ।चाकुको खाध्य तत्वको अनुसन्धान गर्ने र यसको बौद्धिक सम्पति अधिकार प्राप्त गरी चाकु उत्पादनलाई औधोगिकीकरण गरिनेछ । उपयुक्त स्थान पहिचान गरी चाकु स्तम्भ निर्माण गरिनेछ ।

३१. स्थानीय उत्पादनको प्रदर्शनी तथा प्रचार प्रसारको लागि वडागत रुपमा कोसेली घर तथा हाट बजार स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।

**सामाजिक विकास**

३२. नगर खेलकूद परिषद् गठन गरी नगरपालिकाभित्र संचालन हुने खेलकूद सम्बन्धी सम्पूर्ण प्रतियोगिता, प्रशिक्षण तथा क्रियाकलापहरुलाई व्यवस्थित वनाईनेछ ।

३३. लोपोन्मुख अवस्थामा रहेका परम्परागत स्थानीय मौलिक विशेषता बोकेका खेल तथा संस्कृतिको संरक्षण तथा सम्वर्द्धनमा जोड दिईनेछ ।

३४. **विद्यालय जाने उमेर समूहका बालिकाको पहिचान गरौं : विद्यार्थी भर्ना अभियानलाई सफल पारौं** भन्ने मान्यताका साथ विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गरी सिकाई सहजिकरण प्रकृयामा सहभागि गराईनेछ ।साथै विद्यालय छोडने र कक्षा दोहोर्याउने प्रवृत्ति अन्त्य गर्न बालबालिकालाई विद्यालयमा **ल्याउने, सिकाउने र टिकाउने** कार्यक्रम संचालन गरिनेछ ।

३५. **मेयर दिवा खाजाः टोखाको बाचा** भन्ने नाराका साथ सामुदायिक विद्यालयमा कक्षा ७-१० सम्म अध्ययन गर्ने विद्यार्थीहरुका लागि प्रति विद्यार्थी रु. २० का दरले हुने गरी दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्दै लगिनेछ । दिवाखाजाको गुणस्तर परीक्षण गरिनेछ ।

३६. **Public, Private & Partnership Model (3p Model)** का आधारमा विद्यालय शिक्षाको गुणस्तर विकास गर्न टोखा नगरपालिकालाई शैक्षिक हबका रुपमा बिकास गरिनेछ। निजीस्तरमा संचालित शैक्षिक परामर्श सेवा केन्द्र, कोचिङ सेन्टर, तालिम केन्द्र, छात्रावास आदिको प्रभावकारी नियमन गरिनेछ ।

३७. **सबै उमेर समुहको ईच्छा : बैकल्पिक तथा अनौपचारिक शिक्षा** भन्ने नाराका साथ टोखा नगरपालिका अन्तर्गत रहेका बैकल्पिक बिद्यालय, सामुदायिक सिकाई केन्द्र र सामुदायिक पुस्तकालयको क्षमता बिकास र बिस्तार गर्नुका साथै प्रभावकारी व्यवस्थापन गर्दै लगिनेछ ।

३८. **टोखाको पराक्रम : स्थानीय पाठ्यक्रम** भन्ने मान्यताका साथ हाम्रो टोखा नामक स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गरिनेछ । वडा नं २ र ३ मा मातृभाषा (नेपाल भाषा) को पाठ्यक्रम विकास गरी कार्यान्वयनको लागि आवश्यक प्रवन्ध मिलाईनेछ ।

३९. **सेबामुखी भावना : हामी सबैको चाहाना** भन्ने नाराका साथ टोखा नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई स्वाबलम्वी, आत्मनिर्भर र सेवामुखी बनाउन नेपाल स्काउटका कार्यक्रमहरुलाई थप प्रभावकारी र बैज्ञानिक वनाउदै लगिनेछ ।

४०. **वित्तीय साक्षरता : आजको आवश्यकता** भन्ने मान्यताका साथ माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि वित्तीय अनुशासन तथा लगानी, प्रकृया, उत्पादन र प्रतिफल जस्ता पक्षहरुको बारेमा जनकारी गराई विद्यार्थी जीवनमा वित्तीय व्यवस्थापनको क्षेत्रलाई प्रभावकारी वनाईनेछ ।

४१. **स्वस्थ्य जीवन : त्यागौं दुर्व्यसन** भन्ने मान्यताका साथ लागू पदार्थ र दुर्व्यसनवाट विद्यार्थीहरुलाई बचाउनको लागि चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४२. **टोखाको शैक्षिक रफ्तार : ई-लर्निङ्ग सेवाको विस्तार** भन्ने मान्यताका साथ टोखा नगरपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा ई-लर्निङ्ग सेवाको विस्तार गरी विद्यार्थीहरुको सिकाई कार्यलाई प्रविधिमैत्री बनाउदै लगिनेछ ।

४३. **मेयर कप खेलकुद प्रतियोगिता : टोखाबासीहरुको प्रतिबद्धता** भन्ने मान्यताका साथ मेयर कप खेलकूद प्रतियोगितालाई सफल, सवल र खेलाडीमैत्री बनाउन आवश्यक पर्ने विभिन्न पूर्वाधारहरुको संभाव्यता अध्ययन गरी कार्यान्वयनमा लगिनेछ ।अन्तर नगर राष्ट्रव्यापी फुटवल प्रतियोगिता आयोजना गरिनेछ ।

४४. **टोखाको आह्वान : खेलाडीहरुलाई सम्मान** भन्ने नाराका साथ आफूलाई खेल क्षेत्रमा समर्पित गर्ने, खेल क्षेत्रबाट टोखालाई चिनाउने एवं राष्ट्रिय खेलकूद प्रतियोगितामा पदक हाँसिल गर्ने तथा अन्तराष्ट्रिय खेलकूद प्रतियोगितामा सहभागी हुने खेलाडीलाई प्रोत्साहन एवं पुरस्कृत गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुलाई खेदकूदमा सहभागि गराउन अपाङ्गमैत्री खेलकूद प्रतियोगिता आयोजना गरिनेछ ।

४५. सम्पूर्ण विद्यालयहरुले हरेक महिना कम्तिमा १ दिन बुक फ्रि डे को रुपमा मनाउदै विद्यार्थीहरुलाई किताव अध्यापन गराउनुको साटो सीपमूलक तथा व्यावसायीक कार्यको जानकारी गराउदै **शिक्षा र सीपलाई एकीकृत गर्ने** व्यवस्था मिलाईनेछ । विद्यार्थीहरुलाई खेलकुद, संगीत जस्ता अतिरिक्त क्रियाकलाप तथा सीप सिकाउन अतिरिक्त शिक्षकको व्यवस्था गरिनेछ ।

४६. नगरपालिका भित्र भाषा, कला, साहित्य, संस्कृति संरक्षण, प्रवर्धन र बिकासका लागि साहित्यीक कार्यक्रम संचालन तथा साहित्यकर्मी एवं समाजका बिशिष्ट व्यक्तिहरुलाई सम्मान र पुरस्कृत गरिनेछ ।

४७. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा स्नातक तह अध्यापनका लागि पहल गरिनेछ।

४८. व्यक्तिको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउन योग, ध्यान विषयलाई विद्यालय तहमा लागू गराउदै लगिनेछ ।

४९. नगरपालिका भित्रका सवै संस्थागत विद्यालयहरुले कूल विद्यार्थी संख्याको १० प्रतिशत संख्यामा गरिब, जेहेन्दार तथा लक्षित वर्गका विद्यार्थीहरुलाई निःशुल्क पठन पाठन गराउने व्यवस्था गराई सो को विवरण नगरपालिका तथा सम्वन्धित विद्यालयले सार्वजनिक गर्ने व्यवस्था गरिनेछ।

५०. जातिय, लैङ्गिक, सास्कृतिक, भाषिक, वर्गीय हिंसा, शोषण, कुरीति, कुप्रथा, विभेद, दुर्व्यवहार तथा मानव वेचविखन विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ । बालबालिका, अपाङ्ता भएका व्यक्ति, जेष्ठ नागरिक, एकल महिला, मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिला, दलित तथा किशोरीहरूको हक अधिकार सुनिश्चित गरी सशक्तिकरण गरिनेछ ।

५१. एकल महिलाहरुको लागि जिविकोपार्जनमा जोड दिईनेछ । किशोर किशोरीहरुका लागि जीवन उपयोगी सीप प्रदान गरिनेछ । मनोसामाजिक परामर्शदाताको व्यवस्था गरिनेछ ।

५२. बालमैत्री स्थानीय शासनका पूर्वाधारहरू पूरा गरी बालमैत्री स्थानीय तह घोषणा कार्यक्रमलाई वडा कार्यालय मार्फत संचालन गरिनेछ। कार्यालयमा स्तनपान कक्ष निर्माणको व्यवस्था मिलाईनेछ ।

५३. बाल कोष, आपतकालीन कोष लगायतका कोषहरुलाई निरन्तरता दिईनेछ ।

५४. वालवालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाका लागि आपतकालिन बाल उद्धार कार्यक्रम संचालन गरिनेछ ।ज्येष्ठ नागरिकहरुलाई सक्रिय जीवन विताउन अभिप्रेरित गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप, अनुभव र क्षमतालाई पुस्तान्तरण गरिनेछ । ज्येष्ठ नागरिकहरुका लागि ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गरिनेछ ।

५५. लैङ्गिक उत्तरदायी वजेट निर्माणमा जोड दिई लैङ्गिक लेखापरीक्षण गरिनेछ ।लैङ्गिक सम्पर्क व्यक्ति तोकिनेछ ।

५६. नगर भित्रका स्वास्थ्य केन्द्रहरूमा भवन, उपकरण लगायतका पूर्वाधारको स्तरोउन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५७. **घर-घरमा जनप्रतिनिधि** अभियान संचालन गर्दै ज्येष्ठ नागरिक, अशक्त, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरुलाई घरदैलोमा आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ । केन्द्र सरकारबाट प्रदान गरिने नि:शुल्क औषधिहरूका अतिरिक्त नगरपालिकाबाट समेत विभिन्न रोगहरुको औषधिहरू नि:शुल्क उपलव्ध गराइनेछ ।

५८. टोखा नगरपालिकाभित्र रहेका अटिजम भएका तथा भकभके वोली भएका व्यक्तिहरुको लगत संकलन गरी अटिजम तथा भकभके वोली भएका व्यक्तिहरुलाई Speech Theraphy एवं जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।अल्जाईमर्स, मानसिक पक्षघात रोगको रोकथाम, नियन्त्रण र निदानको लागि विशेष व्यवस्था गरिनेछ ।

५९. विद्यालयमा अध्ययनरत छात्राहरू महिनावारी हुदाँ निःशुल्क सेनेटरी प्याड उपलव्ध गराउन प्रत्येक विद्यालयमा भेण्डिङ मेसिन र डिस्पोजल मेसिन उपलव्ध गराईनेछ ।

६०. **दीर्घ रोग विरुद्ध मेयर** अभियान कार्यक्रमलाई थप प्रभावकारी वनाउदै ६० वर्षभन्दा माथिका सबै टोखावासीहरूको सुगर, RFT, ECG लगायतका चेकजाँचहरु निःशुल्क गरिने कार्यलाई निरन्तरता दिईनेछ । उल्लेखित कार्यक्रमको सेवा विस्तार गरिनेछ ।

६१. **उपमेयर संग बालबालिका** कार्यक्रम संचालन गरी विद्यालय तहका बालबालिकाको निःशुल्क Kidney Function Test लगायत नियमित रुपमा आधारभूत स्वास्थ्य परिक्षण र आधारभूत उपचार गरिनेछ ।

६२. संक्रामक रोगहरू र महामारी रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि कोष खडा गरी कार्यक्रम संचालन गरिनेछ।

६३. पाठेघरको क्यान्सरको रोकथाम तथा समयमा नै पत्ता लगाउनको लागि ४० वर्ष कटेका महिलाहरुको Pap Smear Test गरिनेछ ।

६४. स्वास्थ्य प्रवर्द्धनात्मक र प्रतिकारात्मक जनचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

६५. झोरमहाँकालको जलेश्वरमा बुद्धमूर्ति निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

६६. ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका मठ मन्दिर, वहाल, पोखरी, सम्पदाको नियमित मर्मत संम्भार पूनःर्निर्माण र संरक्षण गरिनेछ ।विद्यमान ऐतिहासिक साँस्कृतिक भवनहरुलाई सदुपयोग गर्दै सास्कृतिक संग्राहलय स्थापना गर्न पहल गरिनेछ ।अमृत सम्पदाहरु टोखा विष्का जात्रा, धापासी जात्रा, गोगंवुँ गणेशजात्रा, अन्य जात्रा तथा पर्व, गुठी, स्थानीय परिकार, स्थानीय परम्परालाई संरक्षण र सम्वर्धन गर्दै लगिनेछ ।

६७. **धर्म र पर्व : हाम्रो गर्व** भन्ने मूल नारा सहित संस्कृति, पर्यटन प्रवर्द्धन गर्न स्थानीय जात्रा तथा सांस्कृतिक पर्वहरूको व्यवस्थापनको लागि कोषको व्यवस्था गरी नियमित रुपमा संचालन हुने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

६८. टोखा साँस्कृतिक संरक्षित क्षेत्र भित्र प्राचिन शैलीको घर निर्माणमा प्रोत्साहन गर्न प्राचिन शैलीका घरको नमुना स्वीकृत गरी सोहि नमुना वमोजिमको घर निर्माण गर्नेलाई कोष खडा गरी सहयोग प्रदान गरिनेछ । टोखा साँस्कृतिक संरक्षित क्षेत्र विकास समिति लाई समय सापेक्ष पुनर्गठन गरी थप व्यवस्थित वनाइनेछ ।

६९. साँस्कृतिक संरक्षित क्षेत्रको गुरुयोजना र कार्यविधिलाई समयानुकूल बनाई सोही अनुसार विकास निर्माण एवम् निजी आवास निर्माण गर्न प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७०. नगरभित्रका जलाधार भएका क्षेत्रहरुको पहिचान गरी उपयुक्त स्थानमा खानेपानी ट्याङ्की, पुनर्भरण पोखरी निर्माण, खानेपानी लाईन जडान तथा विस्तार गरिनेछ । नगर क्षेत्रभित्र निर्माण भएका डिप वोरिङहरुको मर्मत, पुनःनिर्माण तथा नवःनिर्माण गरिनेछ । नगरपालिकाको उपयुक्त स्थानमा वर्षातको पानी संकलन गरिनेछ ।

७१. मेलम्ची खानेपानीलाई नगरक्षेत्र भित्र वितरण गर्ने व्यवस्था मिलाईनेछ । खानेपानीको शुद्धता मापदण्ड वमोजिम भए/नभएको विषयमा गुणस्तर परिक्षण गर्न काठमाडौं उपत्यका खानेपानी लिमिटेड संग सहकार्य गरिनेछ ।

७२. नगरपालिकाभित्र उपयुक्त स्थान पहिचान गरी फोहोरमैला प्रशोधन केन्द्र स्थापनाको थालनी गरिनेछ ।नगरपालिका र नागरिकको लागत साझेदारीमा फोहोर वर्गीकरणको लागि प्रत्येक घरमा डस्टविन/ कम्पोष्ट वीन वितरण कार्यलाई निरन्तरता दिईनेछ। सार्वजनिक स्थलहरूमा नगरपालिकाको नाम अंकित डस्टवीन राख्ने कार्यलाई निरन्तरता दिईनेछ ।

७३. सरसफाई अभियान संचालनलाई थप सशक्त वनाउदै सचेतनाका कार्यक्रमहरु संचालनलाई निरन्तरता दिईनेछ ।

७४. नगरपालिकाभित्र नीजि क्षेत्रवाट संचालित संघ संस्थाहरुलाई संस्थागत सामाजिक उत्तरदायित्वमा योगदान गराईनेछ।

७५. नगरपालिकाको आवश्यकताको आधारमा गैह्रसरकारी संस्थाहरुलाई कार्यक्रम संचालन गर्न अनुमति दिइनेछ । संचालित कार्यक्रमहरुको प्रभावकारी अनुगमन गरिनेछ।

**पूर्वाधार विकास**

७६. आवधिक नगर विकास योजनाले लिएको लक्ष्य हासिल गर्न नगर गौरवका आयोजनाहरू निश्चित समयभित्र सम्पन्न गर्ने गरी कार्यान्वयनमा जोड दिईनेछ।

७७. स्थानीय आवश्यकताका आधारमा तत्काल सम्पन्न गर्नुपर्ने हरेक वडाबाट प्राप्त भएका योजनाहरुलाई प्राथमिकता प्राप्त योजनाका रुपमा कार्यान्वयन गरिनेछ ।

७८. बिकासमा सवै सरोकारवालाहरुको संलग्नताको सुनिश्चितता गरिनेछ।आयोजना तथा कार्यक्रममा दोहोरोपनाको अन्त्य गर्दै ठूला आयोजनाहरुको लागत प्रतिफल बिश्लेषण गरिनेछ । सीमित श्रोतवाट अधिकतम् लाभ लिन, विनियोजन कुशलता र खर्चमा प्रभावकारीता कायम गर्न मध्यमकालीन खर्च संरचना तयार गरिनेछ । क्षेत्रगत आवश्यकताको पहिचानको आधारमा लागत अनुमान तयार गरी योजना बैंक निर्माण गरिनेछ ।

७९. विकास आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गरिनेछ ।

८०. राष्ट्रिय भवन संहिता र स्थानीय भवन मापदण्ड अनुसार भवन निर्माण ईजाजत दिईनेछ ।भवन निर्माण प्रारम्भ हुनु अघि निर्माणस्थलमा प्रस्तावित भवनको नक्सा र विवरण सहितको वोर्ड राख्नुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

८१. भूमिगत वा भूई तल्लामा पार्किङ्ग वा भण्डारण जुन प्रयोजनको लागि भवन निर्माण गर्न स्वीकृती लिएको हो, सो वाहेक अन्य प्रयोजनमा प्रयोग गर्न नपाईने व्यवस्था लागू गरिनेछ ।

८२. नगरपालिकाका सबै घरहरूमा Metric Street Addressing System बाट घर नम्बर वितरण कार्यलाई अगाडि वढाइनेछ।

८३. मौलिक संस्कृति झल्कने गरी कलात्मक ढंगबाट भवन निर्माण भएमा नक्सापासमा विशेष छुट दिने व्यवस्था गरिनेछ ।

८४. घर नक्सापास प्रक्रियामा विद्युतीय भवन अनुमति प्रणाली (EBPS) लाई निरन्तरता दिईनेछ ।

८५. नगरक्षेत्रमा व्यावसायीक प्रयोजनको लागि निर्माण हुने भवनहरू अपाङ्ग, ज्येष्ठ नागरिक, बालबालिकामैत्री तथा Underground Parking निर्माण गर्ने गरी निर्माण ईजाजत दिइनेछ।

८६. नगर क्षेत्रभित्र रहेका सार्वजनिक, ऐलानी, पर्ती, नदी उकास, नदी करिडोर र सरकारी जग्गाहरूको लगत अध्यावधिक गरी सोको संरक्षण, संवर्धन तथा उपयोग गर्ने कार्यलाई समिति गठन गरी थप व्यवस्थित वनाईनेछ।

८७. सार्वजनिक जग्गामा बनेका सबै सामुदायिक भवनहरु नगरपालिकाको स्वामित्वमा ल्याई संरक्षण सहित आवश्यकताको आधारमा प्रयोग गर्ने व्यवस्था मिलाईनेछ ।

८८. नगरपालिकाभित्र निर्माण हुने सबै सामुदायिक तथा सार्वजनिक भवन निर्माणमा भवन संहिता तथा मापदण्ड लागु गरी अनिवार्य नक्सा पास गर्नुपर्ने व्यवस्था गरिनेछ ।

८९. भवनको निर्माण सम्पन्न ईजाजतपत्र प्रदान गर्न सम्वन्धित वडा कार्यालयको सिफारिस अनिवार्य गरिनेछ । निर्माण हुने भवनमा निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्नु पूर्ब एक घर एक सकपिट, एक सेफ्टीट्याङ्की र एक फलफुलको विरुवा अनिवार्य गरिनेछ ।

९०. ठेक्का मार्फत संचालन हुने आयोजनाहरू भाद्र मसान्त भित्र ठेक्का सूचना प्रकाशन गर्ने, सम्पूर्ण आयोजना तथा कार्यक्रमहरूको सम्झौता मंसिर मसान्त भित्र सम्पन्न गर्ने गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाईनेछ । मंसिर मसान्त सम्म सम्झौता नहुने योजनाहरुमा विनियोजित बजेट अर्को नगर सभा मार्फत अन्य आवश्यक योजना/कार्यक्रम संचालन गर्न संशोधन गरिनेछ।

९१. ट्राफिक प्रहरीको समन्वयमा नगरपालिका भित्रका व्यस्त तथा जाम हुने सडकहरुलाई एकतर्फी वनाईनेछ ।

९२. निजी क्षेत्रसँगको लागत साझेदारीमा नगर बस सेवा सन्चालन गरिनेछ ।

९३. **मेयर उज्यालो कार्यक्रम** लाई निरन्तरता दिदै नेपाल विद्युत प्राधिकरणसँगको लागत साझेदारीमा नगर क्षेत्रभित्रका उपयुक्त सार्बजनिक स्थानहरूमा सडक बत्ती जडान गरिनेछ।

९४. नगरपालिकाको प्राथमिकता प्राप्त योजना तथा कार्यक्रम, वहुवर्षीय, अधुरा र क्रमागत योजनाहरूमा बजेट विनियोजन सुनिश्चित गरेपछि मात्र अन्य योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ ।

९५. टोखा नगरपालिका प्रवेश गर्ने चारैतिर सांस्कृतिक प्रवेशद्धार क्रमशः निर्माण गरिनेछ ।

९६. टोखा नगरपालिकाभित्र लगानीको लागि निजी क्षेत्रलाई आकर्षित गर्न लगानी सम्मेलन तथा रोजगारी सिर्जना गर्न रोजगार सम्मेलन आयोजना गरिनेछ ।

९७. जनसहभागितामा आधारित विकास निर्माणलाई प्राथमिकता दिदै समपुरक कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।मागका आधारमा नगरपालिकावाट क्रमशः ६० प्रतिशत र ५० प्रतिशत लागत व्यहोर्ने गरी संचालन हुने योजनाहरुलाई वजेट व्यवस्था मिलाईनेछ । दुई वा दुई भन्दा वढी स्थानीय तहको साझेदारीमा संचालन हुने आयोजना तथा कार्यक्रमहरूको लागि समपुरक कोषबाट व्यवस्था गरिनेछ ।

९८. नगरपालिकाभित्र रहेका सडक/टोल/बस्तीहरूको ऐतिहासिक, सांस्कृतिक, पौराणिक नामको आधारमा नामाकरण गर्ने कार्यलाई निरन्तर रुपमा अगाडि बढाइनेछ ।

९९. नगरपालिका भित्रका सडकहरूमा सडक सुरक्षा चिन्ह तथा सडक पूर्वाधार (जेब्रा क्रसिङ, लेन छुट्याउने, ट्राफिक संकेत, स्थान पहिचान संकेत आदि) राखिनेछ । नगर व्यूटिफिकेशनका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

१००. वार्षिक पूँजीगत खर्च शत प्रतिशत हुनेगरी कार्यान्वयन गर्ने संयन्त्रको विकास गरिनेछ ।

१०१. **नियमित मर्मत सम्भार : दिगो पुर्वाधारको आधार** भन्ने मूल मान्यतालाई सार्थक तुल्याउन निर्मीत पुर्वाधारको दिगोपनाको लागि नियमित रुपमा मर्मत सम्भारको व्यवस्था मिलाईनेछ ।सोको लागि टोल विकास संस्था र उपभोक्ता समितिहरुलाई समेत जिम्मेवार बनाईनेछ । मर्मत सम्भार ईकाईलाई थप व्यवस्थित बनाउदै आवश्यक उपकरण, सामाग्री तथा जनशक्तिको व्यवस्था गरिनेछ ।

१०२. पूर्वाधार तर्फका आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित रुपमा आयोजना कार्यान्वयनको समिक्षा गरी कार्यान्वयनको क्रममा आएका समस्याको समाधान गरिनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन**

१०३. विपद् सम्बन्धी सचेतना, सीप तथा क्षमता विकास र नमूना अभ्यास कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ। विपद् व्यवस्थापन सामाग्री खरिद, उचित भण्डारण र आवश्यकता अनुसार परिचालन गर्दै नगरस्तरीय विपद् व्यवस्थापन तथा प्रतिकार्य योजनालाई व्यवस्थित बनाईनेछ।

१०४. विपद जोखिम क्षेत्रहरू पहिचान तथा नक्साङ्कन कार्यलाई समय सापेक्ष अध्यावधिक गर्दै लगिनेछ । एक वडा एक Quick Response Team निर्माण गरी आवश्यक तालिमको व्यवस्था मिलाईनेछ । एक वडा एक विपद सुरक्षित स्थल पहिचानको लागि वडा कार्यालयहरुलाई सक्रिय बनाईनेछ ।

१०५. आगलागी नियन्त्रण र आगलागीवाट हुने जोखिम न्यूनिकरणको लागि फायर बल, फायर हाईड्रेन्ट जस्ता उपकरणहरुको व्यवस्था गरिनेछ ।

१०६. वातावरण संरक्षण र प्रवर्द्धनको लागि सम्पूर्ण सूचनामूलक ब्यानर, सूचना पाटी आदि तयार गर्दा हरियो पृष्ठभुमीमा सेतो अक्षरले लेख्ने प्रचलनको शुरुवात गरिनेछ ।

१०७. शहरको सुन्दरता अभिवृद्धि र वातावरणमैत्री नगर निर्माण गर्न **GREEN AND CLEAN TOKHA** अभियान अन्तर्गत एक वडा एक पार्क, एक वडा एक शौचालय, एक वडा एक खुल्ला व्यायमशाला निर्माण र वृक्षारोपण कार्यलाई निरन्तरता दिईनेछ ।

१०८. जैविक विविधताको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न जैविक विविधता प्रोफाईल निर्माण गरिनेछ । जैविक विविधता अध्ययन गरिनेछ ।

१०९. **मानव सभ्यताको उद्गमस्थलः नदी प्रणाली** लाई स्वच्छ र स्वस्थ बनाउन नगरपालिकाभित्र रहेका खोलानालाहरुको सरसफाई गरिनेछ । संभावित स्थलहरुमा नदीको दायाँ बायाँ वृक्षारोपण गर्दै पर्यावरणमैत्री कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ ।

११०. प्लाष्टिकजन्य वस्तुको प्रयोग न्यूनिकरण गर्दै प्लाष्टिकको झोलाको सट्टामा कपडाको झोलाको प्रयोग गर्ने अभियानलाई निरन्तरता दिईनेछ ।

१११. सडक अतिक्रमण गरी सडक तथा सडक पेटीमा ठेलागाडा, रिक्सा, निर्माण सामाग्री राख्ने कार्यलाई निरुत्साहित गरिनेछ । अटेरी गर्नेलाई जरिवाना गरिनेछ ।

११२. वातावरणमैत्री स्थानीय शासनका पूर्वाधार पूरा गरी वातावरणमैत्री स्थानीय तह घोषणा गर्ने कार्यक्रम संचालन गरिनेछ ।

**संस्थागत विकास सेवा प्रवाह तथा सुशासन**

११३. कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड (SOP) तयार गरी लागू गरिनेछ ।

११४. टोखा नगरपालिकालाई प्राप्त संवैधानिक तथा कानुनी अधिकारको प्रयोग तथा नगरसभावाट स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नयाँ कानुनको तर्जुमा, विद्यमान कानुनमा समयानुकूल पुनरावलोकन गरिनेछ।

११५. भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलताको नीतिलाई कडाईताका साथ कार्यान्वयन गरिनेछ ।

११६. खरिद गुरुयोजना र वार्षिक खरिद योजना बनाई टुक्रे खरिदलाई अन्त्य गरी बढी भन्दा बढी प्रतिस्पर्धा कायम हुने गरी बोलपत्रको माध्यमवाट खरिद गरिनेछ ।

११७. वितरणमुखी बजेट तथा आयोजना प्रणालीलाई निरुत्साहित गरी परिणाममुखी र ठुला आयोजना कार्यान्वयनमा जोड दिईनेछ ।

११८. शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको संस्थागत सुदृढीकरण गरिनेछ ।

११९. नगरपालिका तथा अन्तर्गतका सबै कार्यालयहरूमा डिजिटल सूचना पाटी तथा डिजिटल नागरिक वडापत्र अध्यावधिक गरिनेछ ।

१२०. प्रत्येक कर्मचारीलाई काम, कर्तव्य, अधिकार र जिम्मेवारी सहितको कार्य विवरण उपलव्ध गराई कर्मचारीहरूसंग कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिई नतिजामा आधारित कार्यसम्पादन प्रणालीको बिकास गरिनेछ ।

१२१. नगरपालिका तथा अन्तर्गतका कर्मचारी तथा जनप्रतिनिधिहरुको सामुहिक दुर्घटना वीमा गरिनेछ।

१२२. सार्वजनिक प्रशासन संयन्त्रलाई छिटोछरितो, प्रविधिमैत्री, भरपर्दो र नतिजामुखी बनाई उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ ।तोकिएको जिम्मेवारी पुरा नगर्ने कर्मचारीलाई सचेत गराईनेछ ।

१२३. नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत अस्थायी तथा करार कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउदै लगिनेछ ।

१२४. राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरूसंग नगरपालिकाको भगिनी सम्बन्ध कायम गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२५. आन्तरिक पर्यटनलाई प्रबर्द्धन गर्न **नेपाल घुमौं, नेपाल चिनौं** भन्ने अभियान मार्फत मापदण्ड निर्माण गरी कर्मचारीको क्षमता अभिवृद्धि गर्न नगरसेवक कर्मचारीहरुलाई बर्षमा १० दिन पर्यटन काजमा पठाउने व्यवस्था मिलाईनेछ ।

१२६. नगरपालिका तथा अन्तर्गतका सम्पूर्ण कार्यालयहरूमा गुनासो सुन्ने संयन्त्रको बिकास गरी यथासक्य छिटो गुनासोको सम्बोधन गरिनेछ । हरेक वडामा गुनासो सुनुवाई केन्द्र र मोवाईल गभर्नेन्सको व्यवस्था गरिनेछ । गुनासो सम्बोधनको लागि टोल फ्रि नम्बरको व्यवस्था गरिनेछ।

१२७. नगरपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेबालाई सूचना प्रविधिमा आधारित बनाउदै विद्युतिय शासन ( e-Governance) स्थापना गर्न व्यवस्थापन सूचना प्रणाली ( Management Information System) निर्माण र कार्यान्वयन गर्न रणनैतिक योजना तर्जुमा गरिनेछ ।

१२८. नगरका गतिविधीहरू नगरवासी समक्ष पुर्याउन नगर वुलेटिन/ मुखपत्र/ नगरको Webside मार्फत प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१२९. नगरपालिका कार्यालय तथा वडा कार्यालयहरूको योजना, कार्यक्रमहरूको प्रगति एवम् भावी कार्ययोजनाको बारेमा नगरवासीहरूलाई जानकारीको दिन तथा जनगुनासोको यथाशिघ्र सम्वोधन गर्न सार्वजनिक सुनुवाई कार्यक्रम नियमित रुपमा संचालन गरिनेछ । नियमित रुपमा सामाजिक लेखापरीक्षण गरिनेछ ।

१३०. सुचना तथा सञ्चारको सुरक्षित प्रयोग गरी साईबर अपराधबाट बच्न सुचना तथा संचार प्रविधि, साईबर सुरक्षा, विद्युतीय अपराध जस्ता बिषयमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

१३१. नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूबाट प्रदान गरिने सेवाको सन्दर्भमा नागरिक सन्तुष्टी सर्भेक्षण गरिनेछ।

१३२. टोखा नगरपालिकालाई अवैतनिक रुपमा सहयोग गर्न इच्छुक विभिन्न विधामा ज्ञान, सीप, दक्षता, अनुभव भएका व्यक्तिहरूको विषय क्षेत्रगत रोष्टर तयार गरी उहाँहरुको ज्ञान, सीप, दक्षता, अनुभवलाई नगरको अधिकतम हितमा प्रयोग गरिनेछ ।

१३३. नगरपालिका स्थापना भएको दिन मंसिर १६ लाई विभिन्न रचनात्मक क्रियाकलाप संचालन गरी नगर दिवसको रुपमा मनाईनेछ ।

१३४. दिगो विकास लक्ष्यहरूको स्थानीयकरण गरिनेछ । दिगो विकास लक्ष्य हाँसिल गर्ने गरी सबै विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रमबिच अन्तर आबद्धता कायम गरिनेछ ।

१३५. नगरपालिका र अन्तर्गतका निकायहरुबाट प्रदान गरिने सेवाहरुलाई सूचना प्रविधिमैत्री बनाउन बिभिन्न सफ्टवेयर निर्माण गरिनेछ । नगरपालिकाको अनलाईन डाटा तथा सूचना स्टोरेजको लागि आफ्नै सर्भर निर्माण गरिनेछ । सूचना प्रविधिको प्रयोग मार्फत प्रदान गरिने सेवा प्राप्त गर्ने प्रकृयाको वारेमा नगरवासीलाई जानकारी गराइनेछ ।

१३६. आधुनिक जीवनको आधार, सूचना प्रविधि र संचारलाई आत्मसाथ गर्दै नगरपालिकाको सम्पूर्ण अनलाईन सेवाहरुलाई एकीकृत स्वचालित प्रणालीमा आवद्ध गरिनेछ।विद्यमान अनलाईन सेवाको गुणस्तर सुधार गरी थप सेवाहरुलाई क्रमशः अनलाईनमा आवद्ध गराउदै सेवामा न्यून कागज प्रयोग (less paper Governamce ) गर्दै लगिनेछ ।

१३७. नगरपालिका भित्रका मुख्य मुख्य स्थानहरुमा FREE WIFI को प्रवन्ध मिलाईनेछ ।

१३८. नेपाल प्रहरीसंगको सहकार्यमा सिसिटिभि जडान सम्वन्धी कार्यविधि वमोजिम नगरका मुख्य-मुख्य स्थानहरूमा नगरपालिका, वडा कार्यालय वा प्रहरीसंग नियन्त्रण कक्ष रहने गरी सिसिटीभी जडान गरिनेछ।

१३९. नगरपालिका क्षेत्रभित्र रहेका टोलहरूमा सुरक्षा साईरन जडान कार्यको लागि स्थानीयवासीहरू सँगको लागत साझेदारीमा सुरक्षा साईरन जडानको व्यवस्था मिलाइनेछ ।

१४०. नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको ज्ञान, सीप, क्षमता, दक्षता अभिवृद्धिको लागि विभिन्न तालिम, गोष्टी, अध्ययन, अवलोकन, भ्रमण तथा मनोसामाजिक माध्यमवाट क्षमता अभिवृद्धि गरी संस्थागत कार्यसम्पादनमा सुधार ल्याईनेछ ।

१४१. कानुनी सचेतना, न्याय तथा परामर्श, बिवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता आदि क्रियाकलापहरु संचालन गरी समग्र न्यायप्रणालीलाई व्यवस्थित वनाईनेछ ।

१४२. सबै वडा कार्यालयहरूमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलापकर्ताहरूको सूचि तयार गरी सूचिकृत मेलमिलापकर्ताबाट मिलापत्र गराइनेछ । नगरस्तरीय मेलमिलापकर्ता सञ्जाल निर्माण गरिनेछ ।

१४३. प्रत्येक आर्थिक बर्षको अन्त्यसम्म उजुरी फछर्यौट दर शत प्रतिशत हुनेगरी कार्यसम्पादन गरिनेछ ।

१४४. आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१४५. नियमित रुपमा आन्तरिक लेखापरीक्षण गरी आन्तरिक लेखापरीक्षण प्रतिवेदनवाट देखिएका कैफियतहरुलाई समयमानै सुधार गरिनेछ ।

१४६. अघिल्ला आ.ब. हरूको बेरुजुमध्ये नियमित गर्नुपर्नेलाई नियमित गरी असुल उपर गर्नुपर्ने खालको बेरुजु रकम सम्वन्धित व्यक्ति तथा संघसंस्थाहरूसंग नियमानुसार असुल गरिनेछ । अन्तिम लेखापरीक्षणले औंल्याउने बेरुजु रकम शुन्य हुने गरी आर्थिक कारोवार तथा सोको लेखाङ्कन गरिनेछ ।

१४७. आर्थिक कारोवारका सबै क्रियाकलापहरूमा स्वच्छता, जवाफदेहीता, पारदर्शिता, मितव्ययीता, प्रभावकारीता र प्रतिस्पर्धा कायम गर्दै आर्थिक अनुशासनलाई कडाईका साथ पालना गरिनेछ । गैर बजेटरी खर्च र अबण्डा बजेट मार्फत हुने खर्च नियन्त्रण गरिनेछ ।

१४८. नगरपालिकाको आन्तरिक आयलाई थप सुदृढ बनाई बजेटमा परनिर्भरता घटाउन कूल बजेटमा आन्तरिक आयको हिस्सा क्रमशः बढाउदै लगिनेछ ।

१४९. राजस्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाईनेछ । विद्यमान कर प्रणालीमा पुनरावलोकन गरिनेछ । राजस्व सङ्कलन तथा करदाताको अभिलेख व्यवस्थित बनाउदै लगिनेछ। कर तिर्ने तथा नतिर्नेहरूको विवरण सार्वजनिक गरिनेछ । नगर क्षेत्रभित्र रहेका हाल सम्म उठ्न वाँकी वक्यौता कर उठाउन कडाई गरिनेछ ।

१५०. करका दरमा हेरफेर, करको दायरा विस्तार, कर संकलन हुन वाँकी करदाताहरुवाट कर उठाउदै राजस्व सप्ताह अभियान संचालन गरिनेछ । सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

१५१. आर्थिक क्रियाकलापहरूको मासिक, चौमासिक र बार्षिक विवरणहरू सूचनापाटी, Website तथा संचारका माध्यमहरूबाट सार्वजनिक गरिनेछ ।

१५२. नगरपालिकामा रहने बिभिन्न कोषहरूको सञ्चालनको कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१५३. **सुशासन र पारदर्शिता :कानूनी साक्षरता** भन्ने नाराका साथ स्थानीय तहको सुशासनलाई प्रभावकारी र व्यवस्थित गर्न तथा आधारभूत कानुनको जानकारी गराउन कानुनी साक्षरता कार्यक्रम सञ्चालन गरिने छ ।

१५४. प्रत्येक वडाहरुको लागि कार्य सम्पादन सूचक वनाई उत्कृष्ट वडालाई पुरस्कृत गरिनेछ ।

१५५. मिडिया, संघ-संस्था मार्फत कार्यक्रम संचालनको लागि खर्चको नर्म्स बनाई एकरुपता कायम गरिनेछ ।

१५६. नगरकार्यपालिकावाट निर्णय हुने कुनैपनि बिषय सम्वन्धित बिषयगत समितिवाट सिफारिस भई आए पश्चात् मात्र कार्यपालिकामा प्रस्ताव पेश हुने व्यवस्था गरिनेछ ।

१५७. निश्चित आधार र अंक भारको आधारमा विषय क्षेत्रगत तथा वडागत रुपमा वजेट सीमा निर्धारण गरिनेछ ।

१५८. संघ, प्रदेश तथा अन्य स्थानीय तहबिच समन्वय र सहकार्य मार्फत कार्यात्मक अन्तर सम्बन्ध कायम गरिनेछ ।

१५९. टोखा नगरपालिका वडा नं. ३ भूगोल जनसंख्या र मतदाताको आधारमा सबैभन्दा ठूलो वडा भएकोले सेवा प्रवाहमा समेत कठिनाई पर्दै आएको हुदाँ उक्त वडालाई साविक सरस्वती गा.वि.स र साविक गोगंवुँ गा.वि.सको वडा नं. १ र २ लाई छुट्टाछुट्टै वडाको रुपमा विभाजन गर्न सिफारिस गरिनेछ ।

१६०. माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आगामी आ.व. मा १ अर्व ८८ करोडको आय-व्ययको प्रक्षेपण गरिएको छ । चालु आ.व. मा सम्झौता भई आ.व. को अन्त्यसम्म कार्य सम्पन्न हुन नसक्ने योजना तथा कार्यक्रमहरूलाई क्रमागत रुपमा निरन्तरता दिईनेछ । पेश भएका नीति तथा कार्यक्रमहरु मध्ये श्रोतको सीमितताका कारण आ.ब. २०८०/८१ मा कार्यान्वयन हुन नसक्ने नीति तथा कार्यक्रमहरु मध्यमकालिन खर्च संरचना तयार गरी आगामी आ.ब. मा क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

नगर सभा सदस्यहरु,

१६१. यस गरिमामय सभामा प्रस्तावित आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमको कार्यान्वयन पश्चात् नगरको आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको क्षेत्रमा उल्लेख्य सुधार भई सामाजिक न्याय स्थापित हुने र नागरिकको जीवनस्तरमा सुधार हुनेछ।

१६२. प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरपालिकाले हालसम्म प्राप्त गरेको उपलव्धीलाई संस्थागत गर्दै बिकास र समृद्धि मार्फत **कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर** निर्माण भई नेपाल सरकारले लिएको राष्ट्रिय दिर्घकालीन सोच "**समृद्ध नेपाल, सुखी नेपाली**" हाँसिल गर्न योगदान पुग्ने अपेक्षा गरेको छु ।

१६३. प्रस्तावित नीति तथा कार्यक्रममा सभाको पूर्ण समर्थन र कार्यान्वयनमा सबैवाट सक्रिय सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

१६४. अन्त्यमा, टोखा नगरपालिकाको बिकास र समृद्धिमा जनअपेक्षा अनुरुपको कार्यमा निरन्तर सहयोग पुर्याउने नेपाल सरकार, प्रदेश सरकार, राजनैतिक दल, जनप्रतिनिधि, कर्मचारी, विज्ञ समुह, निजी, सहकारी र सामुदायीक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आमसंचार लगायत सम्पूर्ण नगरवासी, नेपाली दिदीबहिनी तथा दाजुभाईहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत निरन्तर सहयोग प्राप्त भईरहने विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद** !

प्रकाश अधिकारी
प्रमुख
२०८० असार १०, आईतवार

" कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर "

टोखा नगरपालिकाको मिति २०८०-३-१४ को तेह्रौं अधिवेशन वैठकमा

नगर उपप्रमुख श्री **मुरारी तामाङज्यू** द्धारा प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०८०/०८१ को बजेट वक्तव्य

**टोखा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**मैजुहिटी, काठमाडौं**

**बागमती प्रदेश, नेपाल ।**

**२०८०**

**“ कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर ”**

टोखा नगरसभाको तेह्रौं अधिवेशनको वैठकका अध्यक्ष एवं प्रमुखज्यू,
प्रमुख प्रशासकीय अधिकृत, नगरसभा सदस्यहरू,

टोखा नगरपालिकाको नगरसभाको तेह्रौ अधिवेशनमा यहाँहरूलाई हार्दिक अभिवादन तथा सम्मान व्यक्त गर्दछु ।

१.नेपालको संविधानको धारा २३० वमोजिम टोखा नगरपालिकाको उपप्रमुखको हैसियतले यस गरिमामय सभा समक्ष टोखा नगरपालिकाको आगामी आर्थिक बर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२.यस अवसरमा लोकतन्त्र प्राप्ती र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका आन्दोलन, राजनीतिक क्रान्ति एवं संघर्षमा जीवन वलिदान गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

३.नेपालको संबिधानले आत्मसात गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यबस्थाको आधारभूत मूल्य मान्यता र सुशासन कायम गर्न **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय लक्ष्यलाई आत्मसात गर्दै **कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर** भन्ने दीर्घकालीन सोच हासिल गर्ने दिशामा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम केन्द्रित गरेकोछु । आगामी आर्थिक बर्षको बजेट सुशासन प्रवर्द्धन गर्ने, खर्चको क्षमता अभिवृद्धि गर्ने, उद्यमशिलता विकास गर्ने, सूचना प्रविधिमैत्री सेवा प्रवाहमा जोड दिने, पूर्वाधार विकासमा गुणस्तरीयता अभिवृद्धि गर्ने, अनउत्पादन मूलक खर्च घटाउने, रोजगारीका अवसर वढाउने, सेवा प्रवाहमा सुधार र श्रोत साधनको परिचालनमा प्रभावकारीता कायम गर्ने तर्फ परिलक्षित हुने कुरा जानकारी गराउन चाहान्छु ।

४.बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानुनहरु, दीर्घकालिन विकास लक्ष्य, १५ औं योजना, दीगो विकासको लक्ष्य, संघीय सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट तथा मार्गदर्शन, नगर आवधिक योजनाले तय गरेका लक्ष्य, श्रोत अनुमान तथा सीमा निर्धारण समितिको सिफारिस, नगरपालिकाको आगामी आ.व. को लागि पारित नीति तथा कार्यक्रम, स्थानीय राजस्व परामर्श समितिको सिफारिस साथै विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विज्ञ एवं अन्य सरोकारवाला महानुभावहरुको सल्लाह सुझावलाई मुख्य आधार वनाएकोछु ।

**सभाध्यक्ष महोदय,**

अव म चालु आ.व.को बजेट कार्यान्वयनको समिक्षा प्रस्तुत गर्न चाहान्छु ।

५.मुलुकको अर्थतन्त्रमा देखिएको शिथिलताको प्रभाव यस नगरपालिकामा समेत परेको छ । लक्ष्य अनुरुप राजस्व परिचालन हुन सकेको छैन । साधारण खर्च बृद्धि हुदै गएको छ । आयोजना कार्यान्वयन पक्ष कमजोर हुदाँ पुंजीगत खर्च कम हुनुका साथै खर्चको प्रभावकारीता समेत बढ्न सकेको छैन ।

६.बढ्दै गएको जग्गाको खण्डीकरण नियन्त्रण, रोजगारी सिर्जना, खर्चको गुणस्तर र प्रभावकारीता कायम राख्नु, अनुत्पादक खर्च नियन्त्रण गर्नु, सीपलाई उद्यमशिलतामा आवद्ध गर्नु, समयमानै आयोजना सम्पन्न गर्नु, सार्वजनिक जग्गा संरक्षण गर्नु, नगरपालिका भित्र रहेका सम्पूर्ण सामुदायिक भवनहरु नगरपालिका मातहत ल्याउनु, खर्चमा मितव्यायीता र पारदर्शीता कायम गर्नु हाम्रो सामु चुनौतिको रुपमा रहेका छन् । मैले पेश गरेको बजेटले विद्यमान चुनौतिको सामना गर्दै बिकास निर्माण र सेवा प्रवाह मार्फत टोखा नगरपालिकाको समृद्धिमा योगदान पुर्याउने बिश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय**,

७.अव म चालु आ.ब.२०७९/८० को बजेट कार्यान्वयनको समिक्षा संक्षेपमा प्रस्तुत गर्न अनुमति चाहान्छु ।

८.वडा नं. २ र ६ का वडा कार्यालय भवन निर्माण सम्पन्न भएका छन् भने नगरपालिका केन्द्रको प्रशासकीय भवन निर्माण सम्पन्न हुदैछ । मेयर उज्यालो कार्यक्रम अन्तर्गत सडकवत्ती जडान, सि.सि.टि.भि. जडान गरिएको छ । सार्वजनिक भवनहरु, ताल, पोखरी संरक्षण/पुनः निर्माण, ऐतिहासिक सम्पदाहरुको पुनः निर्माण, नदी नियन्त्रण, खानेपानी डिप वोरिङ्ग एवं पाईपलाईन विस्तार गरिएको छ ।शहरका अव्यवस्थित तारहरुलाई हटाउने कार्यको शुरुवात गरिएको छ । चालु आ.ब.मा पक्की सडक १२.१५ कि.मी, व्लक विछ्याउने कार्य ३.२९ वर्ग कि.मी., पुल कल्भर्ट १२ वटा, ढल विछ्याउने तथा मर्मत कार्य ५.११ कि.मी. खानेपानी पाईपलाईन विछ्याउने तथा मर्मत कार्य १३२ स्थानमा, ७ वटा खानेपानी ट्याङ्की निर्माण तथा मर्मत, १३० वटा सिसिक्यामेरा जडान, ४३४ वटा सडकवत्ती जडान सम्पन्न भएका छन् ।

९. राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन भएको छ । विद्यालय भवनहरुको भौतिक सुधार, मेयर दिवा खाजा कार्यक्रम संचालन, वि डिभिजन क्लवलाई प्रायोजन गरिएको छ । दीर्घ रोग विरुद्धको अभियानमा मेयर कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण, ६० वर्ष माथिका २१०० भन्दा बढी व्यक्तिहरुको स्वास्थ्य परिक्षण (whole body checkup) गरिएको छ । नगरपालिकाका वासिन्दाहरुलाई निःशुल्क रगतको व्यवस्था गरिएको छ।

१०.कम्पोष्ट विन, डस्टवीन, विपद् जन्य सामाग्री वितरण गरिएको छ । विपद् प्रतिकार्य तालिम संचालन गरिएको, सबै भुक्तानी EFT मार्फत गरिएको, सामाजिक सुरक्षाभत्ता भुक्तानी EFT मार्फत गर्न थालिएको, नगरपालिका र वडा कार्यालयको नगद राजश्व QR कोड मार्फत भुक्तानीको शुरुवात भएकोछ । वेरुजु दर 0.59 प्रतिशतमा सीमित, वेरुजु फछ्यौट दर उच्च भएको, नगर आवधिक योजना लागू गरिएको छ ।

११.चालु आर्थिक बर्ष २०७९/८० मा आय रु १ अर्व ९९ करोड ७४ लाख १७ हजार हुने संशोधित अनुमान रहेको छ । राजस्व असुली आन्तरिक श्रोत तर्फ २४ करोड ७९ लाख अनुमान गरिएकोमा २०८० जेष्ठ मसान्त सम्म कूल यथार्थ राजस्व आम्दानी (आन्तरिक श्रोत) रु. १९ करोड ४३ हजार (७६.६६ प्रतिशत ) रहेको छ ।

१२.यस नगरपालिकाको चालु आ.व. मा विनियोजनको करिव ६५ प्रतिशत खर्च हुने संशोधित अनुमान छ । कूल विनियोजन मध्ये चालु तर्फ ७५ प्रतिशत र पुजीगत तर्फ ५५ प्रतिशत खर्च हुने संशोधित अनुमान गरेको छु ।

१३.आर्थिक बर्ष २०७८/७९ को विनियोजनको यथार्थ खर्च ६०.६१ प्रतिशत रहेको छ । सो मध्ये चालु खर्च ७५.२१ प्रतिशत र पुजीगत खर्च ५३.६५ प्रतिशत रहेको छ भने चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा कूल विनियोजनको ४८.२६ प्रतिशत खर्च भएको व्यहोरा अवगत गराउन चाहान्छु ।

१४.चालु आर्थिक वर्षको वार्षिक लक्ष्यको ९४.९१ प्रतिशत राजस्व संकलन हुने संशोधित अनुमान छ । कूल आन्तरिक राजस्व संकलन मध्ये सम्पति कर क्षेत्रको राजस्व उच्च रहने र यसको अंश करिव ३२.६१ प्रतिशत हुने अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**अव म यस बजेटका उद्देश्यहरु र प्राथमिकता प्रस्तुत गर्न चाहन्छु** ।

१५. प्रस्तुत बजेटका उद्येश्यहरु निम्नानुसार रहेका छन् ।

क. उपलव्ध स्रोत, साधन, श्रम, पुँजी र प्रविधिको परिचालन मार्फत रोजगारी सिर्जना र गरिवी निवारण गर्ने ।

ख. जनचेतना, सशक्तिकरण, सीप विकास मार्फत सामाजिक रुपमा पछि परेको वर्ग, लिङ्ग, क्षेत्र , समुदायको उत्थान मार्फत राज्यको मूल प्रवाहमा ल्याउने ।

ग. दिगो, भरपर्दो, गुणस्तरीय पूर्वाधार निर्माण मार्फत नगरवासीको जीवनस्तर सहज र सुविधा सम्पन्न बनाउने ।

घ. स्वच्छ, स्वस्थ्य, प्रदुषण रहित वातावरण निर्माण गर्ने ।

ङ. विपद् तथा संकट विरुद्धको पूर्व तयारी, विपद् व्यवस्थापन मार्फत विपद् तथा विपदवाट हुने जनधनको क्षतिको न्यूनिकरण गर्ने ।

च. सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त, प्रविधिमैत्री, गुणस्तरीय, छिटो, छरितो बनाई नागरिकलाई सहजता प्रदान गर्ने ।

१६. बजेट तयार गर्दा निम्न विषयलाई मुख्य प्राथमिकतामा राखेको छ ।

क. पूर्वाधार विकास र पुँजी निर्माण

ख. प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन

ग. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, फोहोरमैला व्यवस्थापन तथा जलवायू परिवर्तनका जोखिम न्यूनिकरण

घ. सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिवी निवारण

ङ. सामाजिक सशक्तिकरण

**सभाध्यक्ष महोदय,**

**अव म आगामी आ.व. २०८०/८१ को बजेटका मुख्य मुख्य कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

१७.आगामी आर्थिक बर्षको बजेट कार्यान्वयन कार्ययोजना श्रावण मसान्त भित्र तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ । कार्ययोजनाको नगरप्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट नियमित अनुगमन गरिनेछ । स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने वडा कार्यालय, विषयगत शाखा, उपशाखा वा निकायले साउन मसान्त भित्र आवश्यक कार्यविधि र निर्देशिका तयार गरी लागू गरिनेछ ।

१८.आगामी आ.व. मा नगरपालिका भित्रका घरहरुमा डिजिटल घर नम्वर वितरण कार्यको शुरुवात गरिनेछ । सो को लागि रु. ५० लाख विनियोजन गरेको छ ।

१९.दीर्घरोग विरुद्धको अभियानमा मेयर कार्यक्रमलाई थप प्रभावकारी बनाउदै निश्चित कार्यक्रमहरुलाई निरन्तरता एवं थप कार्यक्रमहरु समावेश गरिनेछ ।सो को लागि रु. ५० लाख विनियोजन गरेकोछु ।

२०.नेपाल प्रहरी एवं नेपाल विद्युत प्राधिकरणसंगको सहकार्यमा मेयर उज्यालो कार्यक्रम तथा जनता सुरक्षा कार्यक्रम अन्तर्गत सडक वत्ती तथा सि.सि.क्यामेरा जडान कार्यलाई निरन्तरता दिईनेछ । सो को लागि रु. २ करोड विनियोजन गरेको छु ।

२१. सामुदायिक विद्यालयमा कक्षा ६ सम्म अध्ययनरत बालबालिकाको लागि नेपाल सरकारले प्रदान गर्ने रकममा रु ५ थप गरी र कक्षा ७ देखि १० सम्म अध्ययनरत बालबालिकाहरुलाई रु २० का दरले हुने गरी मेयर दिवा खाजा कार्यक्रम संचालनको लागि रु. ७८ लाख विनियोजन गरेको छु ।

२२.विपद् सम्बन्धी सचेतना, सीप तथा क्षमता विकास र नमूना अभ्यास कार्यक्रम तथा आगलागी नियन्त्रण र आगलागीवाट हुने जोखिम न्यूनिकरण कार्यक्रम एवं विपद व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२३.नगरपालिका स्थापना भएको दिन मंसिर १६ लाई विभिन्न रचनात्मक क्रियाकलाप संचालन गरी भव्य रुपमा नगर दिवस मनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२४.**सुशासन र पारदर्शिता :कानूनी साक्षरता** लाई साकार पार्न नगरपालिकाको सुशासनलाई प्रभावकारी र व्यवस्थित गर्न तथा आधारभूत कानुनको जानकारी गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

२५.वडा समितिवाट सिफारिस भई आएका योजना तथा कार्यक्रमहरुको लागि रु. ३१ करोड विनियोजन गरेको छु ।

२६.नगर पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत स्थानीयवासीको माग तथा वडा कार्यालयको सिफारिस अनुसार गुणस्तरीय आयोजना पहिचान गरी कार्यपालिकाको निर्णयानुसार कार्यान्वयन गरिनेछ । सोको लागि रु. २ करोड विनियोजन गरेको छु ।

२७.**नियमित मर्मत सम्भार : दिगो पुर्वाधारको आधार** लाई सार्थक तुल्याउन निर्मीत पुर्वाधारको दिगोपनाको लागि नियमित रुपमा मर्मत सम्भारको व्यवस्था गर्न रु ३ करोड बजेट विनियोजन गरेको छ ।

२८.नगरपालिकामा रहेका घरनक्सा पास सम्वन्धी सम्पूर्ण फाईलहरुको डिजिटलाईजेशन गरिनेछ । सो को लागि रु. ३० लाख विनियोजन गरेको छ ।

२९.नगरपालिका भित्रका उपयुक्त स्थानमा एक वडा एक पार्क, एक वडा एक शौचालय, एक वडा एक खुल्ला व्यायमशाला निर्माण, वृक्षारोपण, पानी पुनर्भरण पोखरी निर्माण गरिनेछ । सो को लागि रु. १ करोड विनियोजन गरेको छ ।

३०.नगरवासीको आवत जावतमा सहजताको लागि निजी क्षेत्रसँगको लागत साझेदारीमा नगर बस सेवा सन्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छ ।

३१.नगरपालिका भित्रका विभिन्न खोला, खोल्सी, नदी नियन्त्रणको लागि रु. १ करोड विनियोजन गरेकोछु ।

३२. नगरपालिकावाट CTEVT र CTEVT वाट सम्बन्धन प्राप्त संस्थाहरुको समन्वयमा सीपमूलक र युवा रोजगारमूलक कार्यक्रम संचालन कार्यक्रम संचालनको लागि रु १ करोड विनियोजन गरेकोछु । सो को लागि एक तालिम एक व्यक्तिको सुनिश्चितता वडा कार्यालय मार्फत हुने गरी तालिमको प्रभावकारीता हुने व्यवस्था मिलाई सोहि अनुसार तालिम तथा कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

३३.गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना तथा प्रविधि हस्तान्तरण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

३४.जनसहभागिता एवं लागत सहभागितामा आधारित विकास निर्माणलाई प्राथमिकता दिदै (६० प्रतिशत र ५० प्रतिशत लागत) समपुरक कोषमा रु २ करोड विनियोजन गरेकोछु ।

३५. चालु आ.व. मा सम्झौता भई कार्य सम्पन्न हुन नसकि भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रमहरुको लागि आवश्यक रकम विनियोजन गरेको छ ।

३६. स्वास्थ्य शाखालाई रु ३ करोड २५ लाख, शिक्षा, युवा तथा खेलकूद शाखालाई रु ३ करोड ५० लाख विनियोजन गरेकोछु ।

३७. कृषि शाखालाई रु. ९० लाख, महिला तथा वालवालिका शाखालाई रु. ४० लाख, पशु सेवा शाखालाई रु. ५५ लाख र सहकारी शाखालाई रु. ३० लाख विनियोजन गरेकोछु । वडास्तरवाट कार्यान्वयन गरिने गरी विनियोजन भएका कार्यक्रमहरुलाई नगरपालिकाको विषयगत शाखावाट तयार गरिएको ढाँचामा कानुन वमोजिम खर्च गर्ने व्यवस्था गरेको छु।

३८. नगरपालिका भित्रका विपन्न नागरिकहरुलाई स्वास्थ्य उपचारमा सहयोग गर्न विपन्न नागरिक स्वास्थ्य उपचार कार्यक्रम अन्तर्गत स्वास्थ्य उपचार कोषमा थप रु. २५ लाख विनियोजन गरेकोछु ।

३९. नगरपालिकामा संचालन हुने विभिन्न खेलकूद गतिविधिहरुको लागि खेलकूद विकास कोषमा रु. १ करोड २५ लाख विनियोजन गरेकोछु ।

४०. टोखा नगरपालिकाको संस्कृति प्रवर्द्धन, संरक्षण र विकासको लागि संस्कृति संरक्षण कोषमा रु. ८० लाख विनियोजन गरेकोछु ।

४१. कुहिने तथा नकुहिने फोहोरलाई स्रोतमै छुट्याई फोहोर मैला व्यवस्थापनमा सहजिकरण गर्न नगरवासीलाई अनुदानमा डष्टवीन वितरण तथा तालिम संचालनको लागि रु. 50 लाख विनियोजन गरेकोछु ।फोहोरमैला व्यवस्थापनको लागि उपयुक्त संरचना निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरेको छ ।

४२. संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त समपुरक योजना तथा कार्यक्रमहरुको लागि रु. २ करोड ५० लाख विनियोजन गरेकोछु ।

४३. खानेपानी संरचना निर्माण तथा खानेपानी लाईन विस्तारको लागि रु. १ करोड विनियोजन गरेकोछु ।

४४. नगरपालिकाभित्रका सबै सार्वजनिक जग्गा संरक्षणका विविध कार्यको लागि रु.४० लाख विनियोजन गरेकोछु ।

४५. न्यायीक समितिको पूर्वाधार निर्माण तथा क्षमता अभिवृद्धि कार्यका लागि रु ३५ लाख बजेट विनियोजन गरेकोछु ।

४६. उपप्रमुख संग बालबालिका कार्यक्रम संचालनको लागि आवश्यक रकम विनियोजन गरेको छु

४७.उपयुक्त स्थानमा सडक सुरक्षा चिन्ह तथा सडक पूर्वाधार राखिनेछ । नगर व्यूटिफिकेशनका विभिन्न कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४८. संघ र प्रदेश सरकारवाट सशर्त अनुदानको रुपमा प्राप्त हुने कार्यक्रम र आयोजनालाई तोकिएको शर्त तथा प्रचलित कानुन अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ ।

४९. संघीय सरकारवाट हस्तान्तरण भई आएको सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप व्यवस्थित वनाई सम्वन्धित लाभग्राहीको खातामा EFT मार्फत सोझै भुक्तानी हुने व्यवस्था मिलाईनेछ ।

५०.संघ, प्रदेश र अन्य निकायवाट दायित्व सिर्जना भई चालु आ.व. मा सम्पन्न हुन नसकेका योजना तथा कार्यक्रमहरुको निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५१. चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकि दायित्व सिर्जना भएका योजना तथा कार्यक्रमहरुलाई सम्पन्न गराउन उच्च प्राथमिकतामा राखेको छु भने आगामी आ.व. को नीति तथा कार्यक्रम मार्फत नगरको लागि बिशेष प्राथमिकतामा रहेका आयोजनाहरु कार्यान्वयनको लागि आर्थिक बिकास, सामाजिक बिकास, पूर्वाधार बिकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत बिकास तथा सेवा प्रवाह क्षेत्रमा आवश्यकताको आधारमा बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

५२. आगामी आर्थिक बर्षमा स्थानीय आवश्यकताका आधारमा तत्काल सम्पन्न गर्नुपर्ने हरेक वडाबाट प्राप्त भएका योजनाहरुलाई प्राथमिकता प्राप्त योजनाका रुपमा कार्यान्वयन गर्ने एवं नगरस्तरिय अन्य सबै कार्यक्रमहरु विषेश प्राथमिकताका साथ संचालनमा ल्याइने छ । आगामी आर्थिक बर्षलाई अभियानका रुपमा सबै योजना तथा कार्यक्रमहरु समयमानै सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ ।

५३.नगर सभाको तेह्रौं अधिवेशनबाट आर्थिक बर्ष २०८०/८१ मा कार्यान्वयन हुने कार्यक्रमले समृद्ध नगर निर्माण गर्न महत्वपूर्ण योगदान पुर्याउने विश्वास लिएकोछु ।

५४.आर्थिक ऐन मार्फत आगामी आ.व. मा करका विभिन्न दरहरुमा निश्चित समयको लागि १० देखि ४० प्रतिशत सम्म छुटको व्यवस्था गरेकोछु भने आ.व. २०७७/७८ सम्मको कर आ.व २०८०/८१ मा तिर्न आएमा लाग्ने जरिवाना असोज मसान्त सम्म पूर्णछुट हुने व्यवस्था मिलाएको छु । साथै, सम्पतिकरमा आ.ब. २०७९/८० सम्म ७५ लाख भन्दा वढी वक्यौता कर दायित्व भएका करदाताहरुलाई उक्त सम्पूर्ण वक्यौता कर चुक्ता गर्न आएमा आ.ब.२०८०/८१ को करमा ४० प्रतिशत छुट हुने व्यवस्था मिलाएको छु ।

५५.खरिद गुरुयोजना र वार्षिक खरिद योजना बनाई टुक्रे खरिदलाई अन्त्य गरी बढी भन्दा बढी प्रतिस्पर्धा कायम हुने गरी बोलपत्रको माध्यमवाट खर्च गर्ने व्यवस्था मिलाईने छ ।

५६. आगामी आ.व. भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशिलताको नीति अपनाईनेछ । भ्रष्टाचार र अनियमितता नियन्त्रणको लागि प्रभावकारी उपायहरु अवलम्वन गरिनेछ ।

५७. सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई पारदर्शिता सुनिश्चित गर्ने, प्रकृयागत सरलीकरण गर्ने र सेवा प्रवाहको समग्र लागत घटाईनेछ । सार्वजनिक सेवालाई मुहार रहित, सम्पर्क रहित र कागज कम बनाउन आवश्यक प्रवन्ध मिलाईनेछ ।सो को लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय,**

५८.अव म आ.व. २०८०/८१ को लागि स्वीकृत क्षेत्रगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहान्छु ।

५९.आगामी आर्थिक बर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. १ अर्व ८८ करोड रकम विनियोजन गरेकोछु । कूल विनियोजन मध्ये चालु तर्फ रु 62 करोड 3 लाख 70 हजार (३2.99 प्रतिशत) र पुजीगत तर्फ रु १ अर्ब 25 करोड ९6 लाख 30 हजार ( 67.01 प्रतिशत) रहेकोछ ।

६०.आगामी आर्थिक बर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये संघीय सरकारवाट रु. ५३ करोड ७३ लाख ७८ हजार, प्रदेश सरकारवाट रु. ११ करोड ५९ लाख २७ हजार, घरजग्गा रजिष्ट्रेशन दस्तुर वापत रु. २७ करोड, आन्तरिक एवं अन्य आयवाट रु. २४ करोड ५२ लाख ९५ हजार, राजस्व बाँडफाँड (विभाज्य कोष) वाट १४ लाख, जनसहभागिताबाट १ करोड र चालु आ.व. बाट अल्या हुने रकम रु. ७० करोड बाट व्यहोरिने छ ।

**सभाध्यक्ष महोदय**,

६१.अव म आगामी आर्थिक बर्ष २०८०/८१ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

६२.संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने अनुदानमा निर्भर रहेको राजस्व संरचनालाई परिवर्तन गरी आन्तरिक राजस्वको हिस्सा वढाउने र राजस्वको दायरा विस्तार गर्ने लक्ष्य लिएको छु ।

६३.नगर क्षेत्र भित्रका ठुला करदाताहरुलाई करको दायरामा ल्याई हाल सम्म उठ्न वाँकी वक्यौता कर उठाईनेछ ।

६४.आगामी आ.व. २०८०/८१ मा करदाताहरुलाई करको वारेमा सू-सुचित गराउने, कर तिर्ने अभियान संचालन गर्ने उदेश्यले कर सप्ताह अभियान संचालन गरिनेछ ।

६५.नयाँ करका शिर्षकहरु पहिचान गरि करको दायरा विस्तार गरिनेछ ।

६६.आगामी आ.व. २०८०/८१ मा कर अनुगमन प्रभावकारी रुपमा गरिनेछ । करको प्रशासन तथा संकलन कार्यलाई व्यवस्थित गरिनेछ ।

६७.स्थानीय राजस्व परामर्श समितिको सिफारिसको आधारमा आर्थिक ऐन, २०८० तयार गरी २०८० श्रावण १ गते देखि लागू हुने गरी करका दर तथा दायराहरुलाई समय सापेक्ष हुने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय,**

६८.आर्थिक बर्ष २०७८/७९ को यथार्थ खर्च, आर्थिक बर्ष २०७९/८० को संशोधित अनुमान र आर्थिक बर्ष २०८०/८१ को अनुमानित आय व्यय विवरण संलग्न अनुसूचि बमोजिम उल्लेख गरेको छु ।

६९.मैले प्रस्तुत गरेको आगामी आ.व.२०८०/८१ को बजेटको कार्यान्वयनवाट रोजगारी सिर्जना, गरिवी निवारण, गुणस्तरीय र जीवन उपयोगी शिक्षा, आधारभूत स्वास्थ्य सेवाको पहुँच वृद्धि, सडक, विद्युत, पुल, खानेपानी, सि.सि.क्यामेरा जडान, पार्क लगायतका पूर्वाधार निर्माण, सामाजिक सशक्तिकरण मार्फत "**कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर** " स्थापना भई **समृद्ध नेपाल सुखी नेपालीको** दीर्घकालिन राष्ट्रिय सोचलाई सार्थक वनाउनमा योगदान पुर्याउने छ भन्ने विश्वास लिएको छु।

७०.बजेट तर्जुमाको क्रममा मार्गदर्शन गर्नु हुने नगरप्रमुखज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा महत्वपूर्ण सुझाव सल्लाह प्रदान गर्नुहुने विभिन्न राजनीतिक दल, अर्थविद्, नीजि क्षेत्र, सहकारी क्षेत्र, विभिन्न विधाका विज्ञ, वुद्धिजीवि, नागरिक समाज तथा आम नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै बजेट तर्जुमामा सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारीहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

७१.यस बजेटको कार्यान्वयनमा सबैको सहयोग रहने विश्वास लिएकोछु ।

७२.अन्त्यमा, सवै टोखावासी दिदी वहिनी तथा दाजुभाईहरुलाई टोखाको विकास र नगरवासीको जीवनस्तरमा उल्लेखनीय रुपमा परिवर्तन ल्याउन एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु ।

**" कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर "**

धन्यवाद !

१४ असार, २०८०

मिति २०८०-३-१४ गते विहीवार टोखा नगरपालिकाको तेह्रौं अधिवेशनको दोश्रो वैठकमा

नगर उपप्रमुख श्री **मुरारी तामाङज्यू**द्‌धारा प्रस्तुत गर्नु भएको

**आर्थिक बर्ष २०८०/८१ को**

# विनियोजन विधेयक

**टोखा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**मैजुहिटी, काठमाडौं**

**बागमती प्रदेश, नेपाल ।**

**२०८०**

# टोखा नगरपालिकाको विनियोजन विधेयक-२०८०

टोखा नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

**प्रस्तावनाः** टोखा नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम स्वीकृतिको लागि टोखा नगरपालिकाको सभामा यो विधेयक पेश भएको छ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "टोखा नगरपालिकाको विनियोजन विधेयक, २०८०" रहेको छ ।

(२) यो विधेयक नगरसभावाट पारित भए पश्चात २०८० श्रावण १ गतेवाट प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८०/०८१ को निम्ति सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८०/०८१ को निम्ती टोखा नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निम्ति अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,८८,००,००,०००/- ( एक अर्ब अठासी करोड मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निम्ति टोखा नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची–१**

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संचित कोषवाट विनियोजन हुने रकम**

रु. हजारमा

| **क्र.स** | **अनुदान संख्या** | **शिर्षकको नाम** | **चालु खर्च** | **पुजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरपालिकाको कूल वार्षिक वजेट खर्च | 620370 | 1259630 | | १८८०००० |

**टोखा नगरपालिकाको विनियोजन ऐन-२०८०**

टोखा नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**सभाबाट स्वीकृत मितिः २०८०-३-१४**

**प्रस्तावनाः** टोखा नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम टोखा नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "टोखा नगरपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० श्रावण १ गतेवाट प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त टोखा नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,८८,००,००,०००/- ( एक अर्ब आठासी करोड मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त टोखा नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची–१**

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संचित कोषवाट विनियोजन हुने रकम**

रु. हजारमा

| **क्र.स** | **अनुदान संख्या** | **शिर्षकको नाम** | **चालु खर्च** | **पुजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरपालिकाको कूल वार्षिक वजेट खर्च | 620370000 | 1259630000 | | १,८८,००,००,००० |

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजश्व तथा अनुदान प्राप्तिको अनुमान
**आ.ब २०८०/८१**

**क. आन्तरिक आयको अनुमान** — रु. हजारमा

| | **१. कर राजस्व** | संकेत नं. | आ.ब २०७८/७९ को | आ.ब २०७९/८० को | | | | आ.ब.२०८०/८१ को | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुमान | अनुमान | २०८० जेष्ठ मसान्त | संशोधित अनुमान | हाल सम्मको प्रगति% | अनुमान | अघिल्लो आ.व संगको तलना % | कैफियत |
| क | सम्पति कर | **११३१३** | ७३४०० | ८०००० | ६६३१९ | ७५००० | ८२.९० | ७५००० | ९३.७५ | |
| ख | मालपोत तथा भूमिकर | **११३१४** | ३८६५ | ४००० | २२५१ | २७०० | ५६.२८ | २५०० | ६२.५० | |
| ग | वहालकर | **११३२१** | ४४९२० | ५०००० | ५०५८९ | ६०००० | १०१.१८ | ७५००० | १५०.०० | |
| घ | व्यावसाय कर | **१४६११** | १७२६५ | २०००० | १६२९९ | २०००० | ८१.५० | २५००० | १२५.०० | |
| ङ | वहाल विटौरी कर | **११३२२** | ४०० | ४०० | १६२ | ४०० | ४०.५० | २०० | ५०.०० | |
| च | मृत जीवजन्तुको हाड खोर विक्री | **१४२१३** | ० | ० | ० | ० | | ० | | |
| | **जम्मा** | | **१३९८५०** | **१५४४००** | **१३५६२०** | **१५८१००** | ८७.८४ | **१७७७००** | ११५.०९ | |
| **२. गैर कर / सेवा शुल्क** | | | | | | | | | | |
| क | दण्ड जरिवाना | **१४३११** | ५०० | ५०० | ५४३ | ६२० | १०८.६० | ५०० | १००.०० | |
| ख | घ वर्ग अनुमति दस्तुर | **११११११** | ७०० | १००० | ६१७ | ६५० | ६१.७० | ८०० | ८०.०० | |
| ग | विभिन्न सिफारिस दस्तुर | **१४२४३** | १५३९१ | २७२७० | २१२०६ | २५००० | ७७.७६ | २३२०० | ८५.०८ | |
| घ | नक्सापास शुल्क | **१४२४२** | ५६३३० | ५६३३० | ३१६५८ | ४५००० | ५६.२० | ४०००० | ७१.०१ | |
| ङ | प्रशासनीक सेवा शुल्क | **१४२२९** | २९०० | ३९०० | ० | ० | ०.०० | ८०० | २०.५१ | |
| च | अन्य आम्दानी | **१४२४३** | २८०० | २५०० | ३३७ | ५०० | १३.४८ | ३०० | १२.०० | |
| छ | वेरुजु असुली | **१५१११** | २००० | २००० | ६२ | १०० | ३.१० | ९९५ | ४९.७५ | |
| | **जम्मा** | | **८०६२१** | **९३५००** | **५४४२३** | **७१८७०** | **५८.२१** | **६६५९५** | **७१.२२** | |
| | **आन्तरिक जम्मा** | | **२२०४७१** | **२४७९००** | **१९००४३** | **२२९९७०** | **७६.६६** | **२४४२९५** | **९८.५५** | ० |
| | **विभाज्य कोषको राजस्व वाँडफाँट** | | | | | | | | | |
| छ | विज्ञापन कर | **११४७२** | ० | १००० | ८७१ | ८७१ | ८७.१० | ८०० | ८०.०० | |
| ज | दहतर वहतर | **१४२१३** | १२०० | १००० | ४१९ | ४१९ | ४१.९० | ६०० | ६०.०० | |
| झ | मनोरञ्जन कर | **११४७३** | ० | ० | ० | ० | | | | |
| | | | **१२००** | **२०००** | **१२९०** | **१२९०** | **१२९** | **१४००** | ७०.०० | |
| **ख.** | **अन्य आय** | | | | | | | | | |
| १ | आधारभुत परीक्षा सेवा शुल्क | **१४२२४** | १००० | १००० | १०८० | १०८० | १०८.०० | १००० | १००.०० | |
| २ | गत वर्षको नगद मौज्दात | **३२१२२** | ६९५५४२ | ८७४३१० | ८७४३११ | ८७४३१० | १००.०० | ७००००० | ८०.०६ | |
| | **जम्मा** | | **६९६५४२** | **८७५३१०** | **८७५३९१** | **८७५३९०** | १००.०१ | **७०१०००** | ८०.०९ | |
| **ख.** | **रजिष्ट्रेशन राजस्व वाँडफाँडवाट प्राप्ती** | | | | | | | | | |
| **१** | मालपोत कार्यालय डिल्लीवजार | **१४१७७** | १३०००० | ७०६१० | ७२५८९ | ७०६१० | १०२.८० | १००००० | १४१.६२ | |
| **२** | मालपोत कार्यालय टोखा | **१४१७७** | १९०००० | १५५०८० | १०३६९० | १५५०८० | ६६.८६ | १७०००० | १०९.६२ | |
| ४ | राजस्व वाँडफाँड हस्तान्तरण (-) | | ० | | ० | ० | | | | |
| | **जम्मा** | | **३२००००** | **२२५६९०** | **१७६२७९** | **२२५६९०** | ७८.११ | **२७००००** | ११९.६३ | |
| **ग. वाह्य आय** | | | | | | | | | | |
| १ | **संघीय सरकारबाट प्राप्त अनुदानः** | | | | | | | | | |
| क | वित्तीय समानीकरण अनुदान | **१३३११** | २६०३०० | २७४५०० | २०५८७५ | २०५८७५ | ७५.०० | २३५३०० | ८५.७२ | |
| ख | सशर्त अनुदान ( चालु खर्च) | **१३३१२** | २११५३७ | १६८४०० | १८२८५९ | १८२८५९ | १०८.५९ | १७७१०० | १०५.१७ | |
| ग | सशर्त अनुदान पुजीगत | **१३३१३** | १७२५० | १९७०० | १०२१० | १०२१० | ५१.८३ | ६००० | ३०.४६ | |
| घ | सडक वोर्ड/ पर्यटन वोर्ड | **११४५४** | २५०० | ० | ० | ० | | ० | | |
| ङ | समपूरक अनुदान | **१३३१५** | २०८०० | १६००० | १६००० | १६००० | १००.०० | ८००० | ५०.०० | |
| च | विशेष अनुदान | **१३३१४** | ० | ० | ० | ० | | ० | | |
| छ | राजस्व वाँडफाँड( मूल्य अभिवृद्धिकर/अन्तशुल्क) | **११४२१** | ९३०७४ | ११२७४८ | ७०५७२ | ९०००० | ६२.५९ | ११०४७८ | ९७.९९ | |
| ज | रोयल्टी (वन) | **१४१५३** | ७०० | १००० | ५०५ | ५०४ | ५०.५० | ५०० | | |
| | **जम्मा** | | **६०६१६१** | **५९२३४८** | **४८६०२१** | **५०५४४८** | ८२.०५ | **५३७३७८** | ९०.७२ | |
| २ | **वागतमति प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | | | | | | | | |
| क | वित्तीय समानीकरण अनुदान | **१३३११** | २३२७९ | २७८५४ | २७८५४ | २७८५४ | १००.०० | २६२१७ | ९४.१२ | |
| ख | सशर्त अनुदान चालु | **१३३१२** | १९२३३ | २४९५६ | १८७१७ | १८७१७ | ७५.०० | १५२१० | ६०.९५ | |
| | सशर्त अनुदान पुजीगत खर्च | **१३३१३** | | | | ० | | ४५०० | | |
| ग | समपूरक अनुदान | **१३३१५** | ३०००० | २९८२१ | १९८८० | २५००० | ६६.६६ | ३०००० | १००.६० | |
| घ | विशेष अनुदान | **१३३१४** | ६००० | ७५००.०० | ५००० | ५००० | ६६.६७ | ० | ०.०० | |
| ङ | राजस्व वाँडफाँड( सवारी साधन कर) | **११४२१** | ३६४२३ | ४२२२८ | ३६५०२ | ४२२२८ | ८६.४४ | ४०००० | ९४.७२ | |
| | **जम्मा** | | **११४९३५** | **१३२३५९** | **१०७९५३** | **११८७९९** | ८१.५६ | **११५९२७** | ८७.५९ | |
| ३ | **अन्य स्थानीय तहबाट प्राप्त अनुदानः** | | | | | | | | | |
| क | सशर्त अनुदान | **१३३१२** | १०००० | ० | ० | ० | | ० | | |
| ख | सशर्त अनुदान ( जिल्ला समन्वय समिति, भवन निर्माण) | | | ३०००० | ० | ३०००० | ०.०० | ० | ०.०० | |
| ग | समपूरक अनुदान | **१३३१५** | | ० | | ० | | ० | | |
| घ | विशेष अनुदान | **१३३१४** | | ० | | ० | | ० | | |
| | **जम्मा** | | १०००० | ३०००० | ० | ३०००० | ० | ० | ० | ० |
| | **नगद जनसहभागिता** | | २८००० | १०००० | ५४०८ | १०८३० | ५४.०८ | १०००० | १००.०० | |
| | **जम्मा** | | **१९९७३०९.००** | **२११५६०७.००** | **१८४२३८५.००** | **१९९७४१७.००** | ८७.०९ | **१८८००००.००** | ८८.८६ | **०.००** |